# विदुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
वागमती प्रदेश, नेपाल

फोन: ०१०-५६०४६९
०१०-५६००६३


प.सं.:-

च.नं.:-

## करार सेवामा लिने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८१।११।१२,

ने.सं.११४५ सिल्लागा,११ सोमवार

यस विदुर नगरपालिकाको स्वीकृत दरबन्दी अन्तर्गत तपसिल बमोजिमको पद करार सेवामा लिनुपर्ने भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयको राजश्व शाखामा शुल्क तिरेको नगदी रसिदसहित दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त पदहरुको लागि दरखास्त फाराम कार्यालयको Website www.bidurmun.gov.np बाट download गर्न वा कार्यालयमा उपलव्ध हुनेछ ।

तपसिल:

| विज्ञापन नं. | आवश्यक संख्या | पद | तह | सेवाको किसिम | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| ३/१८१/०८२ | १ | ईन्जिनियर | छैटौं | करार | मान्यता प्रप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा बि.ई.वा सो सरह उत्तीर्ण गरेको । |
| ४/०८१/०८२ | ३ | सव-ईन्जिनियर | पाँचौं | करार | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा प्रमाण पत्र तह उत्तीर्ण गरेको । |

- उमेरको हद : दरखास्त दिने अन्तिम मितिमा ईन्जिनियरको हकमा २१ वर्ष पूरा गरी ४० वर्ष ननाघेको र सव-ईन्जिनियरको हकमा १८ वर्ष पूरा गरी ३५ वर्ष ननाघेको हुनुपर्नेछ ।
- पारिश्रमिक सुविधा: करार सम्झौता अनुसार ।
- परिक्षा दस्तुर: ईन्जिनियर पदको लागि रु.१०००/- र सव-ईन्जिनियर पदको लागि रु.५००/- दस्तुर लाग्नेछ ।
- छनौट प्रक्रिया: लिखित र अन्तरवार्ता ।
- पाठ्यक्रम: लोकसेवा आयोगले सम्बन्धित तहका लागि तोकिएको पाठ्क्रम ।
- दरखास्त दिने अन्तिम मिति: २०८१ फागुण २६ गते कार्यालय समयभित्र । दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समयमा बुझाउन सकिनेछ ।
- सम्पर्क मिति : पछि सूचना द्वारा तोकिने छ ।
- सम्पर्क स्थान: विदुर नगरपालिकाको कार्यालय, विदुर, नुवाकोट ।
- करार अवधि: करार अवधि यस आ.व.०८१/०८२ सम्म मात्रको हुनेछ ।

❖ आवश्यक कागजातहरु:

- आँफैले प्रमाणित गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।
- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
- अनुभवको प्रमाणपत्र भएमा सोको प्रतिलिपि ।
- यस कार्यालयमा दरखास्त दस्तुर बुझाएको नगदी रसिद ।
- हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो ।
- सम्बन्धित विषयमा परिषद वा प्रचलित नेपाल कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

- थप जानकारीको लागि विदुर नगरपालिका, ☎ ०१०-५६०४६९ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ ।

२०८१।११।१२

प्रमुख प्रशासकीय अधिकृत